# अनुशिक्षण कार्यक्रम आयोजना

वित्तीय जानकारी इकाईले २०८० पुस १४ गते शनिबारका दिन FIU-Nepal को नियमित कार्य अन्तर्गतको राष्ट्रिय/अन्तर्राष्ट्रिय विज्ञद्वारा FIU-Nepal ले गर्ने कार्यहरु, अन्तर्राष्ट्रिय असल अभ्यासहरु, Trend and Typologies तथा Mutual Evaluation लगायतका विषयमा इकाईका कर्मचारीहरुलाई जानकारी दिन १ दिने अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो । उक्त कार्यक्रममा इकाई प्रमुख/निर्देशक सहित सम्पूर्ण कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



कार्यक्रममा उप-निर्देशक तथा AML/CFT विज्ञ डा. हरि कुमार नेपालले पहिलो सत्रमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धि विद्यमान कानुनी व्यवस्थाको बारेमा र दोस्रो सत्रमा अन्तर्राष्ट्रिय अभ्यासहरु, Trend and Typologies तथा Mutual Evaluation लगायतका विषयमा जानकारी दिनुभएको थियो । कार्यक्रममा सहभागीहरुले आ-आफ्नो जिज्ञासाहरु राख्नुभएको थियो ।

उक्त कार्यक्रममा सहभागीहरुले राखेका जिज्ञासा प्रति आफनो धारणाका साथै सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था, FIU-Nepal ले गर्ने कार्यहरु र वित्तीय जानकारी इकाईको भूमिका बारे इकाई प्रमुख/निर्देशक दीर्घ बहादुर रावलले जानकारी दिनुभएको थियो ।

